**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २२ गते**
प्रदेश ५ मा कोरोना परीक्षण गर्न किट अभाव हुन थालेको छ । प्रदेशमा तीनवटा प्रयोगशाला सञ्चालनमा रहे पनि रुपन्देहीको भैरहवामा सञ्चालनमा ल्याइएको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा किट अभाव भएसँगै कोरोना परीक्षण रोकिएको हो ।
प्रदेश ५मा वैशाख २२ गते २२ जनाको स्वाबका नमूना र आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार प्रदेश ५ मा कोरोना परीक्षण गर्न किट अभाव हुन थालेको छ । प्रदेशमा तीनवटा प्रयोगशाला सञ्चालनमा रहे पनि रुपन्देहीको भैरहवामा सञ्चालनमा ल्याइएको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा किट अभाव भएसँगै कोरोना परीक्षण रोकिएको हो ।
प्रदेश स्वास्थ्य निर्देशनालयका प्रवक्ता वरिष्ठ जनस्वास्थ्य प्रशासक रोशनलाल चौधरीले प्रदेशका अन्य प्रयोगशालाहरूमा पनि केही दिनमात्रै पुग्ने किट रहेको र समयमै किट नआए प्रदेशका अन्य ल्याबहरूमा समेत किट अभाव हुने बताउनु भयो । हाल प्रदेश ५ का रुपन्देही, दाङ र बाँकेमा प्रयोगशाला सञ्चालनमा रहेका छन् ।
कोटहीमाईका एक २५ वर्षीय युवामा कोरोना सङ्क्रमण पुष्टी भएपछि युवकको सम्पर्कमा आएका हरूको स्वाब परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
प्रदेश ५ का सामाजिक विकास मन्त्री सुदर्शन बराल सहितको टोली कोरोना स्क्रमित क्षेत्रको अवस्था बुझ्न बाँकेको नेपालगञ्ज प्रस्थान गर्नु भएको छ ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार वैशाख २१ गते एकैदिन १५ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टी भएपछि प्रदेश सरकारले चासो बढाएको छ भने स्थानीयहरूले त्रासका कारण आफ्नो क्षेत्रमा पर्ने सडकमा बार लागाएका छन् । जिल्ला प्रशासन कार्यालयनले सूचना प्रकाशित गर्दै कानुन विपरित सार्बजनिक स्थल अबरोध गरे कारवाही गरिने र वैशाख २३ गते देखि वैशाख २५ गतेसम्म निषधज्ञाको छ ।
सङ्क्रमित सबैलाई बाँकेको खजुरामा रहेको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको आइसोलेनमा राखिएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार छिमेकी जिल्ला बाँके र रुपन्देहीमा कोरोना सङ्क्रमित देखिएपछि दाङमा लकडाउनलाई थप कडाइ गरिएको छ । वैशाख २२ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकले लकडाउनलाई प्रभावकारी बनाउन जिल्ला प्रवेश गर्ने नाकाहरूमा कडाइ गर्दै रातको समयमा पूर्वपश्चिम राजमार्ग बन्द गर्ने निर्णय गरेको हो ।
साँझ ७ब जेदेखि बिहान ५ बजेसम्म दाङ अन्तर्गत कालाकाटेदेखि अमेलियासम्मको राजमार्ग बन्द गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले जानकारी दिनुभयो ।
यसैगरी सवारी पासलाई थप कडाइ गर्दै बाहिरी जिल्लामा जानुपर्ने भए सम्बन्धित जिल्लाको अनुमतिमा मात्रै जिल्ला बाहिर जाने पास उपलब्ध गराउने निर्णय भएको प्रजिअ रिजालले जानकारी दिनु भयो । घोराही उपमनपाले लकडाउन नखुल्दासम्म परीक्षाको नतिजा प्रकाशन, नयाँ भर्ना र पाठ्य पुस्तक वितरणको काम नगर्न शैक्षिक संस्थाहरूलाई आग्रह गरेको छ । शिक्षा महाशाखाले विज्ञप्ती निकालेर कोरोना जोखिमलाई मध्यनजर गर्दै लकडाउन खुलेपछिमात्रै शैक्षिक गतिविधि बढाउन आग्रह गरेको हो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार कोरोना भाइरसको परीक्षण सुस्त गतिमा भइरहेको छ। हालसम्म  जिल्लाका विभिन्न स्थानीय तहका क्वारेण्टाइन तथा प्रहरी हिरासतमा रहेका १ सय ९ जनाको आरडीटी  परीक्षण गरिएको स्वास्थ्य कार्यालयका डाक्टर भवानी शर्माले बताउनु भयो। जिल्लामा १२ स्थानीय तहमा करिब २ हजार जनाको स्वाब परीक्षण गर्नुपर्ने अवस्था रहेता पनि किट उपलब्ध नभएपछि समस्या भएको प्रमुख शर्माले बताउनु भयो। यसैगरी कृषकहरूलाई लकडाउनको बेला सुविधा पुर्‍याउने उदेश्यले कृषि ज्ञान केन्द्रले किसानको घर तथा फर्ममै पुगेर योजना सम्झौता गर्न थालेको छ। भने कृषि उत्पादन बिग्रन नदिने उदेश्ले चार वटा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि  मानबहादुर चौधरी**का अनुसार विपद ब्यवस्थापन समितिको वैशाख २१ गते बसेको बैठकले कोराना भाइरस जिल्लामा फैलिन नदिन बाँके र कैलाली जिल्लामा कोरोना भाइरस सङ्क्रमित भेटिएपछि लकडाउनमा थप कडाइ गर्ने निर्णय गरेको छ। साथै मानिसहरुको आवत जावतमा समेत कडाइ गरेको छ।
मधुवन नपाले वैशाख २२ गते विभिन्न  ११ बुँदे निर्णय गरेको छ । स्थायी बसोवास गर्ने तर हाल जिल्ला बाहिरबाट फर्केकाको तथ्याङ्क सङ्कलन गर्ने। भारतसँग सिमा जोडिएका स्थानमा स्वयम सेवक खटाएर  सुरक्षाकर्मीलाई सहयोग गर्ने। कृषकलाई आवश्यक पर्ने मल बीउ सहकारी संस्था मार्फत उपलब्ध गराउने। नगरपालिमा  फलफुल आयत पुर्णरुपमा बन्द गर्ने। दिर्घरोगी र औषधि सेवन गरिरहेकालाई व्यवस्था गर्ने लगायतका निर्णय गरेको छ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसर पाल्पामा वैशाख २२ गते सम्म लकडाउनको कार्यान्वयन प्रभावकारी भएको छ। जिल्लाका १० वटै स्थानीय तहहरूले १४ दिनसम्म क्वारेण्टाइनमा बसेका ब्यक्तिहरुको  आरडीटी परीक्षण गरि पुनः सात दिन होम क्वारण्टाइनमा बस्ने गरि घर पठाइएको छ ।
काम गर्न र घर जान पनि नपाएको भन्दै  पाल्पा सोमादी सर्देवास्थित सिजि कम्पनीमा  निर्माणाधिन सिमेन्ट फ्याक्ट्रीमा कार्यरत ४ सय भारतीय मजदुर पैदल घर फर्कदै गरेको थाहा पाएपछि पाल्पा प्रहरीले सर्देवा फर्काइएको छ।
पैदल हिडेका उनीहरूलाई प्रहरी टोलीले देउरालीको कण्टीपोखरा मसारन भन्ने स्थानमा मोटर बाटोमा घेरा हालेर  कार्य स्थलमा फर्काएको हो।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार सुस्ता गाउँपालिकाको कार्यालयले नेपाल भारत सिमाक्षेत्रमा रहेकाहरूलाई क्वारेण्टाइनमा राख्ने भएको छ। जिल्लामा २ सय ७ जनाको स्वाव परीक्षणको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख गौरब ढकालले बताउनु भएको छ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार  जिल्लाको अवस्था सामान्य रहेको छ। जिल्लाको १० स्थानिय तहका क्वारेण्टाइनमा रहेका ३ सय ३६ जना व्यक्तीहरूको आरडीटी किट अभाव हुदाँ परीक्षण हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख योगेन्द्र भगतले बताउनु भयो।

वाणगङ्गा नपा- ९ भलवार्डले राहत बैंक स्थापना गरेको छ । कोरोना महामारीका कारण भएको लकडाउनका कारण विपन्न, मजदुर, असहाय, अशक्त परिवारलाई राहत वितरण गरिएको वडा अध्यक्ष ध्रुब बेल्वासेले बताउनु भयो ।

इन्सेकद्वारा गठित मानव अधिकार समूहले तौलिहवामा रहेको राष्ट्रिय वाणिज्य बैंक , लक्ष्मी बैंक र कृषि विकास बैंकमा सामाजिक सुरक्षा भत्ता बुझ्नका लागि वृद्धवृद्धाहरू बैंकमा भिडलागेको विषयमा अनुगमन गरेको निगरानी समूहका संयोजक पुष्पा रेग्मीले बताउनु भयो ।

**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**